# कोशी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश किताबखाना, विराटनगर

प्रकाशित मिति: २०८२/०५/३१

**सम्पत्ति विवरण दर्ता सम्बन्धी सूचना।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सार्वजनिक पद धारण गरेको हरेक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था रहेकोमा आ.व.२०८१/८२ को सम्पत्ति विवरण बुझाउने अवधि मिति २०८२/०५/२९ गते समाप्त भएको। साथै सोही दफाको उपदफा (२) मा तोकिएको समयमा सम्पत्ति विवरण पेश गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले विवरण पेश गर्न नसक्नाको कारण सहित उल्लेख गरी म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढिमा तीस दिन सम्मको म्याद थप दिन सक्नेछ भनी उल्लेख भएको हुँदा उपदफा (१) मा उल्लेख भएको समयमा सम्पत्ति विवरण बुझाउन नसकेका र बुझाइ सकेको भएतापनि मिति २०८२/०५/२३ र २४ गते भएको जेन्जि आन्दोलनका कारण प्राप्त सम्पत्ति विवरण लगायत अभिलेख किताब समेत जलेर नष्ट हुन गएकोले विवरण अद्यावधिक गर्न सकिने अवस्था नभएको हुँदा कार्यरत कार्यालयको सिफारिस सहित समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई आएका (प्रदेश कानून बमोजिम बढुवा तथा तहवृद्धि भएका समेत) कर्मचारीहरुले राष्ट्रिय किताबखाना (निजामती) मा र २०७६ सालमा लोक सेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भएका र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका कर्मचारीहरुले यस कार्यालयमा मिति २०८२/०६/२८ सम्म सम्पत्ति विवरण दर्ता गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

२०८२/०५/३१